
सर्वप्रथम हाम्रो मन
सफा हुनुपर्छ ।

# सर्वप्रथम हाम्रो मन सफा हुनुपर्छ ।

*‘कसैले पनि बत्ती बालेर त्यो बत्ती कुनै गुप्त ठाउँमा राख्दैन, न ता पाथीमनि नै राख्छ, तर भित्र आउनेहरूले उज्यालो देखून् भन्ने हेतुले मानिसले त्यो बत्ती सामदानमाथि राख्छ । शरीरको बत्ती आँखा हो; यसकारण जब तिम्रो आँखा निर्मल हुन्छ, तब तिम्रो सम्पूर्ण शरीर पनि उज्यालो हुन्छ; तर जब तिम्रो आँखा खराब हुन्छ, तब तिम्रो शरीर पनि अँध्यारो हुन्छ । यसकारण होशियार बसः तिमीमा भएको उज्यालो अँध्यारो हुनुहुँदैन । यसकारण तिम्रो सारा शरीर, कुनै पनि भाग अँध्यारो नभईकन उज्यालो भयो भने, सबै उज्यालै-उज्यालो हुनेछ, त्यस बेलामा झैं, जब बत्तीको चम्किलो चमकले तिमीलाई उज्यालो पार्छ ।’* *लूका ११ः३३-३६*

प्रभु येशूले यस खण्डमा शिक्षा दिनुभएको बेलामा हामीलाई यहाँ कपटको विरोधमा र एउटा शुद्ध जीवन कसरी कायम राख्न सकिन्छ, यस महत्त्वपूर्ण विषयमा एउटा सजिलो, तर खूबै लाभदायक

उपाय बताउनुभयो; किनकि उहाँले यसो भन्नुभयोः जसरी मानिसले बत्ती बालेर त्यो बत्ती एउटा सामदानमाथि राख्छ, अनि त्यस बत्तीले घरभित्र आउनेहरू सबैलाई उज्यालो दिन्छ, ठीक त्यसरी नै हाम्रो शरीरमा आँखाहरू दिइएका छन्। हामी अन्धा होइनौं, हामीले अन्धकारमा छामछाम-छुमछुम गर्नुपर्दैन। किनकि हामीलाई दिइएको आँखाले हाम्रो सामु देखा परेको हरेक कुरा छर्लङ्ग देख्छ। तर सबै मानिसहरूको आँखा बाराबर हुँदैन, सबैको हेराइ एउटै हुँदैन। कसैको दृष्टि कुदृष्टि पो हुँदो रहेछ। अनि यो कहाँबाट आयो? किनकि यस फिल्टरले अर्थात् यस आत्मिक चाल्नीले हाम्रो हेराइमा भिन्नता ल्याउँदो रहेछ। यसकारण हामी विवेकशील मानिस हुनुपरेको छ। हाम्रो जीवन उज्यालो हुनुपर्छ। हामीले जसरी भए पनि, जुनै हालतमा पनि एउटा असल विवेक कायम राख्नुपर्छ। हामीले भित्र आउने र बाहिर जाने हरेक कुरा जाँच्नुपर्छ र जे असल र ग्रहणयोग्य छ, त्यो मात्र मनमा लिनुपर्छ। हामीलाई दिइएको फिल्टर यही हो।

प्रभु येशूले के भन्नुभयो भने, हाम्रो सारा शरीर उज्यालै-उज्यालो हुन सक्छ; हाम्रो जीवनमा कुनै भाग अँध्यारो नभएको हुन सम्भव छ। हो, हामीमा कुनै अँध्यारो नभएको अवस्थामा आइपुग्न सम्भव छ। यो हाम्रो विवेकशीलतामा, हाम्रो आत्मिक अभ्यासमा भार पर्छ। यसमा हामीले बहाना गर्नुहुँदैन, हामीले अल्छी मान्नुहुँदैन। किनकि हाम्रो मनको स्वच्छता हाम्रो भक्तिको सवाल हो।

यस सिलसिलामा निम्न घटना घट्योः एकजना फरिसीले प्रभु येशूलाई खाना खान बोलाए; किनकि तिनले बुद्धिमान् राजा सुलेमानभन्दा महान्, भविष्यवक्ता योनाभन्दा महान् व्यक्ति को होलान्,

सो जान्न चाहे। अनि प्रभु येशू तिनीकहाँ तिनीसँग भोजन लिन जानुभयो र खाना खान तयार हुनुभयो। तर उहाँले भोजन लिनुभन्दा अघि हात धुनुभएन, क्यारे? किनकि यस कुरामा ती फरिसी छक्क परे। तब प्रभु येशूले तिनलाई भन्नुभयोः *'हो, तिमी फरिसीहरूले कचौरा र थालको बाहिरी भागचाहिँ सफा त राख्छौ, तर तिमीहरूको भित्री भागचाहिँ लुटाइ र दुष्टताले भरिएको हुन्छ'* र तिनीहरूलाई सोध्नुभयोः *'हे अबुझहरूहो, के उहाँ जसले बाहिरको भाग बनाउनुभयो, के उहाँले भित्रको भाग बनाउनुभएन र?'*

प्रभु येशूले यहाँ कुरा घुमाएर भन्नुभएन, तर आफ्नो यहूदी धर्ममा पूरा लीन र लिप्त भएका यी मानिसहरूलाई चुनौती दिनुभयो। अनि उहाँको भनाइअनुसार हाम्रो शरीरचाहिँ कचौरा वा थालको बाहिर भाग हो, तर कचौराको भित्र भाग पनि छ, त्यो हाम्रो मन हो। किनकि परमेश्वरले मानिसमा यी दुवै कुराहरू सृष्टि गर्नुभयोः शरीर र आत्मा। मानिसले आफ्नो शरीर सफा राखेमा कुनै गल्ती छैन; अनि प्रभु येशूले यसमा कुनै गल्ती पाउनुभएन। तर यी फरिसीहरूमा लगायत हामी अरू सबै मानिसहरूमा उहाँले हाम्रो मन सफा नभएको दोष भेट्टाउनुभयो। हाम्रो मन लोभलालचले भरिएको हुन्छ। हाम्रो मन हर किसिमको दुष्टताको अड्डा भएको छ।

हाम्रो हृदयबाट के-के निस्कन्छ? भित्रबाट, हाम्रो हृदयबाट दुष्ट विचारहरू, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता आदि पापहरू निस्कन्छन् (मर्कूस ७:२१-२३)। यी दुष्ट कुराहरूले पो हामीलाई अशुद्ध पार्छन्, तर

नधोइएका हातले खाना खाएको कुराले हामीलाई अशुद्ध पार्दैन । तब बाहिर, शरीरमा मात्र सफा हुनुमा के फायदा भयो ? तर के गर्ने ? हामी यस कुरामाथि बढ़ी ध्यान लगाइदिन्छौं । हाम्रो भित्री अवस्था जेसुकै होस्, अरू मानिसहरूले हामीलाई कसरी देख्छन्, यो हाम्रो निम्ति मुख्य कुरा भयो, बस् । तर परमेश्वरको अघि हामी कस्ता छौं, यसमा हामी किन चासो लिँदैनौं ? तर हामी मानिसप्रति परमेश्वरको प्रमुख माग अटल रहन्छ र यही होः **सर्वप्रथम हाम्रो मन सफा हुनुपर्छ, त्यसपछि अरू सबै कुराहरू मिलिजान्छन् ।** हामी यस विषयमा अबुझ हुनुहुँदैन । हामी यसमा लापरवाही गर्नुहुँदैन । हामीले यस कुराको सम्बन्धमा आफूलाई धोका दिनुहुँदैन । हाम्रो मन सफा हुनुपर्छ र सफा रहनुपर्छ ।

प्रभु येशूले दिनुभएको सल्लाह सुन्न लायकको छः *'तर बरु यस्ता कुराहरू दान देओ, जुन कुराहरू भित्र छन्; तब हेर, सबै कुराहरू तिमीहरूको निम्ति शुद्ध भइहाल्छन् ।'* हामीभित्र कुनचाहिँ कुरा होला, जुनचाहिँ दान दिन लायकको छ ? के हाम्रो मनमा साँचो परमेश्वरमाथिको विश्वास छ ? उहाँप्रति हाम्रो भक्ति, श्रद्धा र प्रगाढ़ प्रेम छ ? आहा, हाय हामीलाई; किनकि हामी स्वभावैले पापले भरिएका मानिस हौं ! यसैले हामीलाई भित्रदेखि परिवर्तन आउनु आवश्यक पर्छ । यस विषयमा हामी प्रेरित पावलको कुरा सुनौं, जसले यसो लेखेका छन्ः *'हो, बितेको समयमा तिमीहरू अन्धकार थियौ, तर अब प्रभुमा तिमीहरू ज्योति भयौ; यसैले ज्योतिका सन्तान भई हिँड़ ! किनकि ज्योतिको फल भलाइ, धार्मिकता र सत्यता हो'* (एफेसी ५ः७-८) । बितेको समय र अहिले ! बितेको समयमा हामीले प्रभु येशूलाई चिन्दैनथियौं, तर हामी पापको अन्धकारमा जिइरहेका थियौं । हाम्रो

जीवन अँध्यारो थियो। तर अब हामी प्रभु येशूकहाँ फर्क्यौं; र अब प्रभु येशूकहाँ आएर हाम्रो जीवनमा कतिपय कुरा बितेको हुनुपर्छ अनि कति कुरा नयाँ आएको र नयाँ भएको हुनुपर्छ। तर हामीमा अन्धकार बितेको र हामी ज्योतिका सन्तान भएको कुरा हामी कसरी जानौं ? त्यो त ज्योतिको फलबाट जानिन्छ; किनभने ज्योतिको फल भलाइ, धार्मिकता र सत्यता हो । ज्योतिमा हिँड्ने मानिस भलो हुन्छ; ज्योतिको सन्तान परमेश्वर र मानिसको दृष्टिमा धर्मी, ग्रहणयोग्य र ठीक हुन्छ; अनि ज्योतिको परम-शक्ति बिलकुल साँचो र सत्य हुनुमा हो ।

ओहो, 'मनभित्रका कुराहरू लिएर दान देओ' भन्ने वाक्यले हामीलाई पक्राउ पार्‍यो ! पापहरू बाहेक हामीभित्र अरू के पो छ र ? अनि हामी परम-लोभीहरूको निम्ति यहाँ केही पाउनु होइन, तर हामीले दिनु पो पर्छ। तब एक क्षणको निम्ति हामी दानको बारेमा कुरा पनि गरौंः दानको अक्षरशः अर्थमा एउटा 'दयाको काम' हो। अनि जसले परमेश्वरको दृष्टिमा दया पाउन चाहन्छ, उसले अरूलाई दया देखाउनुपर्छ, जसरी याकूबको पत्रमा यसो लेखिएको छः *'जसले दया देखाएको छैन, त्यसको न्याय विनादयामाया नै गरिनेछ; अनि दयाले न्यायको विरोधमा गर्व गर्छ'* (याकूब २ः१३)। अनि हुन सक्छ, प्रभु येशूले 'तिमीहरूसँग भएका कुराहरूबाट दान देओ' भन्नुहुँदा यी फरिसीहरूलाई, र हामीलाई पनि, परमेश्वरको कृपा पाउने बाटो देखाउन चाहनुभयो, कि कसो हो ?

यो पनि विचार गर्न लायकको कुरा होः हाम्रो बाहिरी रूप हेर्न हाम्रो ऐना छ भने, हाम्रो भित्री अवस्था देखाउने साधन के हो ? यो त हाम्रो विवेक हो। अनि यो हाम्रो निर्मल आँखाको हेराइ हो।

अनि यी फरिसीहरूको निम्ति व्यवस्थाको पुस्तक पनि थियो, जुन धर्म-पुस्तक तिनीहरूलाई पूरा कण्ठस्थ थियो; अनि यस धर्मशास्त्रको बारेमा प्रेरित पावलले भनेका छन्ः *'धर्मका कर्महरूद्वारा कुनै प्राणी परमेश्वरको दृष्टिमा धर्मी ठहरिनेछैन नै; किनभने धर्मशास्त्रद्वारा पापलाई चिन्ने ज्ञान पो हुन्छ'* (रोमी ३ः२०)। के यस आत्मिक ऐनाले तिनीहरूको जीवनमा काम नगरेको हो र?

यी फरिसीहरूको दोस्रो गल्ती पनि थियो। किनभने प्रभु येशूले यी फरिसीहरूलाई अझै दोष देखाउँदै यसो भन्नुभयोः *'हाय तिमी फरिसीहरूलाई; किनभने तिमीहरू पुदिना, सुदाब र सबै प्रकारका सागसब्जीको दसौं अंश दिन्छौ, तर न्याय र परमेश्वरको प्रेम वास्ता गर्दैनौ। यी कुराहरू तिमीहरूले गर्नैपर्नेथियो र अरू कुराहरू पनि नछोड्नुपर्नेथियो।'* यी फरिसीहरू परमेश्वरको सम्बन्धमा एकतर्फी थिए। तिनीहरूले कम महत्त्वपूर्ण कुराहरूमाथि ध्यान दिन्थे, तर परमेश्वरको निम्ति जुन कुराहरू मुख्य थिए, ती कुराहरू वास्ता गर्दैनथिए। हो, पुरानो नियममा दसांशको कुरा लेखिएको छ; तर दसांश मुख्य कुरा होइन; परमेश्वरको सम्बन्धमा पैसा मुख्य कुरा होइन। किनकि मोशाको व्यवस्था दुईवटा मुख्य खाँबाहरूमा स्थापित भएको थियोः समाजमा सठीक न्याय हुनुपर्छ र मानिसहरूले परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर्नुपर्छ। यसको निम्ति परमप्रभुले इस्राएलीहरूलाई विभिन्न धार्मिक र सामाजिक नियमहरू दिनुभयो। अनि यी मुख्य कुराहरू छाड़ेर सानोतिनो मामुली कुरामाथि ध्यान दिनुमा यी फरिसीहरूको ठूलो गल्ती भएको थियो। किनभने व्यवस्थाको पुस्तकमा यसो लेखिएको छः

*‘किनकि अर्को कुनचाहिँ यस्तो महान् जाति होला, जसको ईश्वर तिनीहरूको यति नजिक रहन्छ, जति नजिक परमप्रभु हाम्रा परमेश्वर हामीले उहाँलाई पुकारेको हरेक कुरामा नजिक रहनुहुन्छ? अनि अर्को कुनचाहिँ यस्तो महान् जाति होला, जसका विधिहरू र नियमहरू मैले आज तिमीहरूको सामु राखेको यो सम्पूर्ण व्यवस्थाजत्तिकै धर्ममय छन्?’*

व्यवस्था ४:७-८

यी मानिसहरू अब्राहामको चुनिएको वंश र तिनका सन्तान थिए, जसको विषयमा परमप्रभुले यसो भन्नुभयोः *‘म उनलाई चिन्छु, कि उनले आफ्ना छोराछोरीहरूलाई र उनीपछिको आफ्नो घरानालाई “धार्मिकता र न्यायको काम गर्दै तिमीहरू परमप्रभुको मार्गमा लागिरह” भन्ने आज्ञा गर्नेछन्’* (उत्पत्ति १८:१९)। अब्राहामका सन्तानहरू भएका हुनाले यी फरिसीहरूले परमप्रभुको मार्गमा लागिपर्नुपर्नेथियो। कसरी? तिनीहरूले सधैं धार्मिकता र न्यायको काम कायम राख्नु थियो। अनि विशेष गरी तिनीहरूले अनाथ र विधवाहरू, साथै परदेशीहरूसित सठीक न्याय गर्नुपरेको थियो, सठीक व्यवहार देखाउनुपरेको थियो (व्यवस्था १०:१८, व्यवस्था १६:१७-१८, व्यवस्था २४:१७)। तिनीहरूले यशैया १:१७ पदअनुसार गर्नु थियोः *‘भलाइ गर्न सिक, न्यायको खोजी गर, थिचोमिचोमा परेकोलाई छुटाओ, टुहुराको न्याय गरिदेओ, विधवाको मुद्दा लड़िदेओ!’* तिनीहरूले आफ्ना सबै ठाउँहरूमा पक्षपातविना धर्मीलाई निर्दोष र दुष्टलाई दोषी ठहराउनुपरेको थियो (व्यवस्था २५:१)।

भविष्यवक्ता मीकाले यो कुरा तिनीहरूलाई सम्झाएर र डोऱ्याएर यसो भनेः *'हे मानिसहो, असल के हो, सो परमप्रभुले तिमीलाई भन्नुभएको हो । अनि न्यायको काम गर्नु, कृपाप्रति प्रीतिभाव राख्नु र नम्र भई परमेश्वरको साथमा हिँड्नु – योबाहेक परमेश्वरले तिमीबाट अरू केही कुरा पनि खोज्नुभएन, होइन र ?'* यी फरिसीहरूले बुझ्नु थियोः यहूदीहरूको धर्मको प्रमुख र प्रथम खाँबा न्यायको काम गर्नु थियो । अनि तिनीहरूको धर्मको दोस्रो मुख्य खाँबा परमेश्वरलाई प्रेम गर्नु थियो, जसरी लेखिएको छः *'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर्नुपर्छ'* (व्यवस्था ६ः५) । व्यवस्था ११ः१, ३ र २२, १३ः३, १९ः९ र ३०ः६, १६ र २० पदमा मोशाले घरिघरि परमेश्वरको यो माग डोऱ्याए । अनि यदि यी फरिसीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गरेका भए, तिनीहरूले उहाँको पुत्र प्रभु येशूलाई पनि प्रेम गर्नेथिए (यूहन्ना ८ः४२) । तर यी फरिसीहरू आफ्नो धर्मका यी दुईवटा मुख्य कुराहरूमा चुकेः तिनीहरूले सठीक न्यायको काम गर्दैनथिए, तर पक्षपात गर्दैथिए । अनि तिनीहरूले परमेश्वरलाई र उहाँको पुत्र प्रभु येशूलाई प्रेम गर्दैनथिए । तिनीहरूले यी कुराहरू बेवास्ता गर्दैथिए; तिनीहरूले यी कुराहरू आफ्नो जीवनमा एकातिर राखेर छोड़िदिएका थिए ।

तिनीहरूको तेस्रो गल्ती पनि थियो । *'हाय तिमी फरिसीहरूलाई; किनभने तिमीहरू सभाघरहरूमा मुख्य आसनहरू र बजारहरूहुँदो अभिवादन पाउन मन पराउँछौ ।'* प्रभु येशूले यो कुरा उठाएर किन र कसरी तिनीहरूमा यो दोष पाउनुभयो, सो हाम्रो निम्ति शुरुमा स्पष्ट नहोला । तर

हामीले मत्ती ६ः२ र ५ पद पढ्यौं भने, हामी कुरा बुझ्न थाल्छौंः ती फरिसीहरूले जे गर्थे, मानिसहरूले देखून् र तिनीहरूले मानिसहरूबाट प्रशंसा पाऊन् भन्ने हेतुले मात्र गर्ने गर्थे । तिनीहरूले सधैं मानिसहरूको प्रशंसा पाउनुपरेको थियो, चाहे सभाघरमा, चाहे बजारमा । तिनीहरू सबैको ध्यानको केन्द्र हुनुपरेको थियो । तिनीहरूलाई इज्जत र सम्मान पाउने रोग लागेको थियो, यहाँसम्म कि तिनीहरूले विश्वासै गर्न सक्दैनथिए, जसरी यूहन्ना ५ः४४ पदमा लेखिएको छः *'तिमीहरू एक-अर्काबाट आदर लिने र परमेश्वरबाट आउने एकमात्र आदर नखोज्नेहरू कसरी विश्वास गर्न सक्छौ ?'* तिनीहरूले बप्तिस्मा दिने यूहन्नाको मुखबाट प्रभु येशूको विषयमा साक्षी सुनेका थिएः येशू परमेश्वरको पुत्र हुनुहुन्थ्यो । तिनीहरूले प्रभु येशूका हातहरूबाट धेरै अचम्मका कामहरू देखेका थिए, जुन आश्चर्य कर्महरू परमेश्वर पिताले उहाँद्वारा गर्नुभयो र 'उहाँ नै संसारको एकमात्र मुक्तिदाता हुनुहुन्छ' भन्ने गवाही दिनुभयो । अनि पवित्र धर्मशास्त्रले ठाउँ-ठाउँमा प्रभु येशूको विषयमा सुस्पष्ट साक्षी दिन्थ्यो । तर यी फरिसीहरूले विश्वास गर्न सकेनन् । मानिसहरूको आदर खोज्ने तिनीहरूको पाप थियो । अनि यस पापले तिनीहरूको हृदयमा यस्ता शक्तिशाली साक्षीहरू नष्ट गरेको थियो । विचार गर्नुहोस्ः प्रभु येशू यी फरिसीहरूको सामु उपस्थित हुनुहुन्थ्यो । उहाँ परमेश्वरको एकमात्र पुत्र हुनुहुन्थ्यो, जो देहधारी हुनुभयो । उहाँ सुलेमानभन्दा महान् हुनुहुन्थ्यो; उहाँ भविष्यवक्ता योनाभन्दा महान् हुनुहुन्थ्यो । तर यी फरिसीहरू आफ्नो अविश्वासमा अडिग रहे । किन ? किनभने

मानिसहरूबाट आदर र सम्मान खोज्ने तिनीहरूको आत्मिक रोगले गर्दा यसो भएको थियो। प्रभु येशूका उक्त शब्दहरूबाट यो कुरा स्पष्ट भयो।

तिनीहरूको चौथो गल्ती यस प्रकारको थियोः *'हाय तिमी कपटी शास्त्रीहरू र फरिसीहरूलाई; किनभने तिमीहरू चिहानजस्तै छौ, जुन चिहानचाहिँ देखा पर्दैनन्, र तीमाथि टेक्ने मानिसहरूलाई तिनको विषयमा पत्तै हुँदैन।'* अरे, यी फरिसीहरू नदेखिने चिहानहरू भएका रहेछन्! अनि यी नदेखिने आत्मिक चिहानहरूमा मानिसहरूले अनजानमा आफ्ना खुट्टा टेकाएका थिए, र आफूलाई अशुद्ध पारेका थिए। यी फरिसीहरू आत्मिक हिसाबले मुर्दा थिए। अनि प्रभु येशूले तिनीहरूको विषयमा अर्को ठाउँमा यसो भन्नुभयोः *'हाय तिमीहरूलाई; किनभने तिमीहरू चूना लगाइएका चिहानहरूजस्ता छौ, जुनचाहिँ बाहिरपट्टि साँच्चै सुन्दर भएका देखा पर्छन्, तर भित्रको भागचाहिँ हड्डीहरू र सबै अशुद्धताले भरिएका हुन्छन्।'* हो, चिहानहरू यस्तै हुन्छन्ः मरेका मानिसका हड्डीहरू र हर प्रकारको अशुद्धताले भरिएका हुन्छन्। आहा, यी फरिसीहरूले आफ्नो आत्मिक अवस्था के राम्रोसँग लुकाउन सके। तिनीहरू छेपारोपनमा अति सिपालो र पूरा अभ्यस्त भएका कपटी मानिसहरू थिए। तिनीहरू आत्मिक मुर्दा, अहँ, तिनीहरू यस प्रकारले कहाँ देखा पर्दैथिए! तर हाय त्यस मानिसलाई, जो तिनीहरूको सम्पर्कमा आयो, त्यसले आफूलाई अशुद्ध पाऱ्यो-पाऱ्यो। तिनीहरूको कपटको नराम्रो असर यस प्रकारको थियो।

त्यहाँ उपस्थित भएका व्यवस्थाका पण्डितहरूले प्रभु येशूले फरिसीहरूलाई लगाउनुभएको दोष एक क्षण पनि आफूमाथि लागेको सहन सकेनन्। तिनीहरूले तत्कालै यसमा आफ्नो विरोध जनाए। अनि प्रभु येशूले तिनीहरूलाई उचित जवाफ दिनुभयो। तर तिनीहरूको कुरा गर्नुभन्दा अघि हामी केही निष्कर्ष आउनुपर्छ, नत्र ता हामी यी फरिसीहरूको गल्तीमा फस्छौं कि भन्ने डर छ।

**क)** *हाम्रो विश्वास सकली विश्वास, खाँटी विश्वास हुनुपर्छ, अँ, सन्तुलित विश्वास हुनुपर्छ।*

हाम्रो विश्वास सकली विश्वास हुनु हो भने, हामीले सुसमाचारको वचनमा ध्यान दिनुपर्छ, हामीले ध्यान दिएर सुन्नुपर्छ। हाम्रो विश्वास खाँटी विश्वास हुनु हो भने, हामीले पवित्र बाइबलबाट खाँटी शिक्षा पाउनुपर्छ। अनि खाँटी शिक्षाले ख्रीष्ट येशूमाथि केन्द्रित रहेको विश्वास पैदा गर्छ र उहाँमाथि हाम्रो विश्वास बढ़ाइदिन्छ; अनि खाँटी शिक्षा भक्तिअनुसार हुनुपर्छ (१ तिमोथी ६:३ र तीतस १:१); भक्तिअनुसार भन्नाले यसको प्रमुख फल हाम्रो जीवनमा भक्ति हुनुपर्छ, र यसले हाम्रो भक्ति बढ़ाउनुपर्छ। हाम्रो विश्वास सन्तुलित विश्वास हुनु हो भने, हाम्रो विश्वास एकतर्फी हुनुहुँदैन हामीले मुख्य कुरा पक्रिराख्नुपर्छ। अनि हामीले विश्वासको साथसाथै एउटा असल विवेक पनि कायम राख्नुपर्छ, जसरी लेखिएको छः *'विश्वास र असल विवेक कायम राख, जुनचाहिँ कतिजनाले आफूबाट पर सारेको हुनाले विश्वासको जहाज डुबाइहाले'* (१ तिमोथी १:१९)। हामीले आफ्नो विश्वास किन डुबाउने ?

**ख)** *हामीले मानिसहरूबाट आदर खोज्ने व्यक्ति हुनुहुँदैन ।*

हितोपदेश २५ : २७ पदमा यसो लेखिएको छः *'धेरै मह खानु असल होइन भने, आफ्नो महिमा खोज्नु पनि महिमा नै होइन ।'* यसकारण मानिसहरूले देखून् र मानिसहरूबाट प्रशंसा पाऔं भन्ने हेतुले हामीले कुनै पनि काम नगरौं ! यस्तो तुच्छ काम हामीबाट कहिल्यै नहोस् ! यो ख्रीष्ट-विश्वासीहरूको निम्ति अयोग्य कुरा हो । हामी आफ्नो महिमा नखोजौं ! यो कुनै योग्य काम होइन । यसले हाम्रो मान बढ़ाउँदैन । आफ्नो विश्वास किन यसरी नष्ट पारौं ! आफ्नो जीवन किन फलहीन, आशिषबिहीन, शक्तिहीन बनाउने ? होइन, होइन; हामीले आफ्नो जीवन र आफ्नो कामद्वारा सधैं परमेश्वरलाई खुशी पार्ने प्रयास गरौं, जसरी प्रेरित पावलले गरेका थिए, जस्तो लेखिएको छः

> *'यसकारण चाहे शरीरमा रहौं, चाहे शरीरमा नरहौं, हामी उहाँको निम्ति ग्रहणयोग्य बनिने प्रयत्न गरिरहेका छौं । किनकि हामी सबैजना ख्रीष्टको न्यायआसनको सामु देखा पर्नुपर्छ, र शरीरमा गरिएका असल र खराब कामहरूको निम्ति, आफूले जेजस्तो गरेका छौं, त्योअनुसार हामी हरेकले प्रतिफल पाउनुपर्छ ।'* २ कोरिन्थी ५ : ९-१०

यसकारण आउनुहोस्, हामी त्यस दिनमा हाम्रा प्रभु येशू ख्रीष्टबाट स्याबासी पाउने चेष्टा गरौं ! हामी उहाँको इच्छा पालन गरेर उहाँलाई खुशी पारौं !

**ग)** *हामी केवल मुख देखाउने मानिस हुनुहुँदैन ।*

कपटचाहिँ खमीर हो। त्यसले हाम्रो सम्पूर्ण जीवन अमिलो तुल्याइदिन्छ (लूका १२:१)। यसकारण हामी कपटबाट बाँच्नुपरेको छ। हाम्रो विश्वास निष्कपट विश्वास हुनुपर्छ (१ पत्रुस १:२२)। हाम्रो प्रेम निष्कपट प्रेम हुनुपर्छ (रोमी १२:९, १ तिमोथी १:५, २ तिमोथी १:५)। हाम्रो बोली निष्कपट बोली हुनुपर्छ (भजन १७:१)। हाम्रो जीवन कपटरहित हुनुपर्छ (१ पत्रुस २:१) यसकारण मण्डली वा समाजमा, विवाह र मराउमा अथवा अरू जुनसुकै कार्यक्रममा उपस्थित हुँदा हामी मुख देखाउने काम मात्र नगरौं ! किनकि हाम्रो मुख देखाउने काम कपटको शुरु हुन सक्छ। कपटचाहिँ हाम्रो विश्वास नष्ट पार्ने विष हो, जसरी मानिसहरूबाट आदर खोज्नु परमेश्वरको आशिष नाश गर्ने घातक वस्तु हो। अनि परमेश्वरको डरले मात्र हामीलाई यस पासोमा पर्नदेखि बचाउन सक्छ।

**घ)** *हामी आत्मिक हिसाबले मुर्दा हुनुहुँदैन ।*

हामी कुनै हालतमा पनि देखा नपरेको चिहान हुनुहुँदैन, हामी आत्मिक मुर्दा हुनुहुँदैन, तर प्रभु येशूको निम्ति जीवित हुनुपर्छ; नत्र ता हाम्रो सम्पर्कमा आउने मानिसहरू हामीद्वारा अशुद्ध हुन्छन्। हामीभित्र हाम्रो हृदयलाई शुद्ध पार्ने सकली विश्वास हुनुपर्छ (प्रेरित १५:९ र २६:१८)। हामीले

प्रभु येशूको नाममा पापको क्षमा र पवित्र आत्माको वरदान पाएका हुनुपर्छ। हामी पवित्र आत्माको भरपूरीमा जिउनुपर्छ। हामी डिस्चार्ज भएको ब्याट्री हुनुहुँदैन। हामीले पापका अभिलाषाहरू वशमा राख्नुपर्छ र शरीरका सबै कामहरू दमन गर्नुपर्छ। हाम्रो मन सफा हुनुपर्छ। हाम्रो शरीर उज्यालै-उज्यालो हुनुपर्छ। हामीले सदैव एउटा सुविवेक कायम राख्नुपर्छ।

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं। धन्यवाद।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्मक्रमहरू सुन्नहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्ः

www.nbcinepal.org